नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा
(......................................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:- ०८१/८२
चलनी नं.:- २५५

मिति: २०८१।०५।२७

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय विद्युत विकास विभाग

**विषयः थप कागजात तथा विवरणहरू पेश गर्ने सम्बन्धमा ।**

श्री मत्स्य तथा ऊर्जा कम्पनि प्रा. लि.,
टोखा, काठमाण्डौं ।

उपरोक्त सम्वन्धमा तहाँ कम्पनीले अपर सिसुवा खोला जलविद्युत आयोजनाको सर्वेक्षण अनुमति पाउन मिति २०८१/०१/२३ मा दिनुभएको निवेदन उपर कारवाही हुँदा तपसिलमा उल्लिखित विवरणहरु पेश हुन बाँकी देखिएकोले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (चौथो संसोधन) को दफा १० को उपदफा (३) को व्यवस्था बमोजिम बुंदा नं. (क), (ख), (ग), (घ), (ङ) र (च) मा उल्लिखित विवरणहरू पैतिस (३५) दिनको समयावधि भित्र र विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (चौथो संसोधन) को दफा १२(५) बमोजिम बुंदा नं. (छ) मा उल्लिखित सहमति पत्र छ (६) महिना भित्र पेश गर्न हुन मिति २०८१/०५/२० को विभागीय निर्णयानुसार अनुरोध छ ।

**तपसिल**

क) प्रवर्द्धक कम्पनी अध्यावधिक सम्वन्धी कम्पनी रजिष्ट्रारको कार्यलयबाट जारी पत्र (नोटराइज प्रतिलिपि),
ख) संचालक समितिको बैठकको निर्णय सहितको अख्तियारिनामा, पत्राचार गर्ने स्पष्ट ठेगाना (पोष्ट बक्स नं. इमेल) र अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित परिचय पत्र एवं सम्पर्क नं.,
ग) कम्तिमा अघिल्लो दुई आर्थिक वर्ष मध्ये एक आर्थिक वर्षको लेखा परीक्षण गरिएको वित्तीय विवरण,
घ) नेट वर्थ तयार गर्ने सि.ए संस्थाहरुको अध्यावधिक कर चुक्ता प्रमाण पत्र, दर्ता सम्वन्धी कागजात तथा नविकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि,
ङ) प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको Desk Study Report,
च) प्रबर्द्धक कम्पनीको नेट वर्थ पुष्टि हुने कागजात/विवरणहरू,
छ) प्रस्तावित आयोजना क्षेत्र मकालु बरूण राष्ट्रिय निकुन्जको मध्यवर्ती क्षेत्रमा पर्ने देखिएकोले वन तथा वातावरण मन्त्रालयको सहमति ।

(शंकर बहादुर साउद)
इन्जिनियर
२०८१/०५/२७

**बोधार्थ :**
श्रीमान् महानिर्देशकज्यू, विद्युत विकास विभाग।